# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २१८ | काठमाडौं | सोमबार, २२ मंसिर २०८२ | Prabhab National Daily | Monday, 08 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# पोखरा विमानस्थल निर्माणमा भ्रष्टाचार

## ❙ पाँच पूर्वमन्त्रीसहित ५५ जनाविरूद्ध मुद्दा ❙ आठ अर्बभन्दा बढी अनियमितता

■ जेबी योञ्जन

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा भ्रष्टाचार भएको दाबीसहित पाँच पूर्वमन्त्रीसहित ५५ जनाविरुद्ध मुद्दा चलाएको छ । आयोगले आठ अर्ब ३६ करोड ७३ लाख रूपैयाँ अनियमितता गरेको भन्दै आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको हो । भ्रष्टाचारजन्य यो मुद्दा नेपालको इतिहासमै सबैभन्दा ठूलो हो ।

राजनीतिक, प्रशासनिक र ख्यातीप्राप्त व्यक्तिहरू तथा चिनियाँ निर्माण कम्पनी चाइना सिएएमसी इन्जिनियरिङ कम्पनीमार्फत भएको भ्रष्टाचारजन्य कसुरबारे अख्तियार प्रवक्ता राजेन्द्रकुमार पौडेलले प्रभावसँग भने, 'यति ठूलो भ्रष्टाचारसम्बन्धी मुद्दा अख्तियारले यसअघि कहिल्यै दायर गरेको थिएन ।'

राजेन्द्र लिङ्देन नेतृत्वको संसदीय छानबिन समितिले करिब १० अर्ब भ्रष्टाचार भएको विवरण सार्वजनिक गरेको केही महिनामै अख्तियारले आठ अर्बभन्दा बढी भ्रष्टाचारको बिगो कायम गरी मुद्दा दायर गरेको हो । संसद्को सार्वजनिक लेखा समिति र महालेखापरीक्षकको कार्यालयले त्यसअघि नै पोखरा विमानस्थल निर्माणमा कैफियत देखाएको थियो ।

यसबीच अख्तियारले अनुसन्धानपछि पाँच पूर्वमन्त्रीसहित निर्णय प्रक्रियामा संलग्न कर्मचारी र ठेकेदार कम्पनीसमेतलाई विपक्षी बनाएर भ्रष्टाचार मुद्दा दायर गरेको हो । अख्तियारले पूर्वअर्थमन्त्री डा. रामशरण महत, पूर्वपर्यटनमन्त्रीहरू पोस्टबहादुर बोगटी (दिवंगत), दीपक अमात्य, रामकुमार श्रेष्ठ र भीम आचार्यसहितलाई प्रतिवादी बनाएको छ । तर, बोगटी दिवंगत भएको हुनाले श्रीमती राममाया बोगटी प्रतिवादी बन्ने छिन् । उनी तत्कालीन माओवादी नेता थिए ।

प्रतिवादीमध्येका महत तत्कालीन अर्थमन्त्री हुन् । छ पटक अर्थमन्त्री भएका उनी हाल विस्मृतिमा जाने रोगबाट पीडित छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

### भ्रष्टाचार पुष्टि हुने २१ आधार

१. अस्वाभाविक मूल्य कायम गरी लागत अनुमान बढाई २८६.५२६ मिलियन अमेरिकन डलर कायम गराएको
२. चाइना सिएमसी इञ्जिनियरिङ कम्पनीले सार्वजनिक संस्थाका राष्ट्रसेवकहरूलाई बद्नियत साथ पत्राचार गरेको
३. कम्पनीले बढाइएको लागतमा ठेक्का पाउन सुरूबाटै हरसम्भव प्रयास गरेको
४. कानुन नमान्ने र गैरकानुनी आर्थिक लाभ दिलाउने कार्य पूर्वनियोजित देखिएको
५. योजना मुताविक प्राधिकरण सञ्चालक समितिका पदाधिकारी एवं बोर्ड सदस्यहरूबाट काम बढाउने निर्णय भएको
६. बोलपत्र मूल्यांकन समितिले गैरकानुनी तवरले आर्थिक प्रस्ताव खोलेको
७. सार्वजनिक खरिद ऐनको प्रतिकूल हुनेगरी बद्नियत राखी निर्णय गरेको
८. वार्ता गर्ने प्रावधान नै नभएको अवस्थामा वार्ताबाटै खरिद प्रस्ताव राखेको
९. ठेक्का प्रक्रियामा प्रभाव पार्न सक्ने राष्ट्रसेवकहरूलाई बद्नियतपूर्वक कार्य गराउन गैरकानुनी लाभ दिएको
१०. ७० मिलियन बढी लागत थप हुनेगरी ठेक्का स्वीकृत गरेको
११. मन्त्रिपरिषद्‌बाट २०७०-०९-११ मा भएको निर्णयको अवज्ञा र अपव्याख्या गरिएको
१२. सार्वजनिक खरिद ऐनको ठाडै उल्लंघन गरेको
१३. प्रतिवादीहरूको काम कारबाही गैरकानुनी स्वार्थ पूरा गर्ने उद्देश्यले नै गरेको
१४. निर्माण कम्पनीले प्राविधिक अनुभव पूरा नगरेको
१५. बोलपत्र मूल्यांकनमा ठेकेदार कम्पनी अनुत्तीर्ण भएको
१६. तर, बोलपत्र प्रस्ताव स्वीकृत गरिएको र कम्पनीले छिटो परियोजना कार्यान्वयन गर्न दबाब दिएको
१७. डा. रामकृष्ण तिमिल्सिना, सदस्यहरु डा. पुरूषोत्तम डंगोल, विनोदानन्द चौधरीले लागत बढाउन किटानी राय दिएको
१८. मन्त्रिपरिषद्‌को २०७०-०९-११ मा भएको निर्णयको अवज्ञा र अपव्याख्या गरेको
१९. कुत्सित उद्देश्यले विभिन्न निकायसँग राय प्रतिक्रिया माग गर्ने कार्य गरेको
२०. लागत इस्टिमेट बढाउनुपर्ने कारण पुष्टि नभएको
२१. खरिदसम्बन्धी कन्ट्र्याक्ट डकुमेन्ट बद्नियतपूर्ण तवरले तयार गरेको





डा. रामशरण महत, पूर्वअर्थमन्त्री | भीमप्रसाद आचार्य, पूर्वपर्यटनमन्त्री | दीपकचन्द्र अमात्य, पूर्वपर्यटनमन्त्री | स्व. पोस्टबहादुर बोगटी, पूर्वपर्यटनमन्त्री | रामकुमार श्रेष्ठ, पूर्वपर्यटनमन्त्री

### यी हुन् ५५ प्रतिवादी

- **डा. रामशरण महत**, तत्कालीन अर्थमन्त्री
- **रामकुमार श्रेष्ठ**, तत्कालीन मन्त्री- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, अध्यक्ष- नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समिति
- **भीमप्रसाद आचार्य**, तत्कालीन मन्त्री- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, अध्यक्ष- नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समिति
- **दीपकचन्द्र अमात्य**, तत्कालीन मन्त्री- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, अध्यक्ष- नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समिति
- **सुशील घिमिरे**, तत्कालीन सचिव- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
- **सुरेशमान श्रेष्ठ**, तत्कालीन सचिव- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
- **सुमनप्रसाद शर्मा**, तत्कालीन सचिव- अर्थ मन्त्रालय
- **भेषराज शर्मा**, तत्कालीन सचिव- कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय
- **रञ्जनकृष्ण अर्याल**, तत्कालीन सहसचिव- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
- **मोहनकृष्ण सापकोटा**, तत्कालीन सहसचिव- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
- **लोकबहादुर खत्री**, तत्कालीन सहसचिव- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा प्राधिकरण सञ्चालक सदस्य
- **मनरूप शाही**, तत्कालीन सञ्चालक समिति सदस्य- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **ज्योति अधिकारी**, तत्कालीन सञ्चालक समिति सदस्य- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **मनोज कार्की**, तत्कालीन सञ्चालक समिति सदस्य- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **फुर्बाछिरिङ शेर्पा**, तत्कालीन सञ्चालक समिति सदस्य- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **सुरेश आचार्य**, तत्कालीन सहसचिव- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सञ्चालक समिति सदस्य- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **मदन खरेल**, तत्कालीन सञ्चालक समिति सदस्य- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **मुक्तिनारायण पौडेल**, तत्कालीन महानिर्देशक- भन्सार विभाग तथा सञ्चालक समिति सदस्य- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **सूर्यप्रसाद आचार्य**, तत्कालीन महानिर्देशक- भन्सार विभाग तथा सञ्चालक समिति सदस्य- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **त्रिरत्न मानन्धर**, तत्कालीन महानिर्देशक- भन्सार विभाग तथा सदस्यसचिव- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **रतीश चन्द्रलाल सुमन**, तत्कालीन महानिर्देशक- नेपाल नागरिक उड्डयन प्राधिकरण, सदस्यसचिव- प्राधिकरण सञ्चालक समिति
- **सुमनकुमार श्रेष्ठ**, तत्कालीन उपमहानिर्देशक- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **हरिबहादुर खड्का**, तत्कालीन उपसचिव- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

⏭ क्रमशः पृष्ठ २ मा

### अधिकारी कारागार चलान



नेपाल नागरिक उड्डयन प्राधिकरणका निलम्बित महानिर्देशक प्रदीप अधिकारी कारागार चलान भएका छन् । भक्तपुरको नलिञ्चोकमा हेलिपोर्ट निर्माणमा भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतका न्यायाधीशत्रय हेमन्त रावल, डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाको इजलासले उनलाई पुर्पक्षका लागि थुनामा पठाउन अदालतले आदेश दिएको हो ।

आदेशपछि अधिकारीलाई डिल्लीबजार कारागार चलान गरिएको छ । तत्कालीन निर्देशक मुरारी भण्डारीलाई भने पाँच लाख धरौटी माग्ने आदेश भएको सूचना अधिकारी यज्ञराज रेग्मीले जानकारी दिए । हेलिपोर्ट निर्माणमा साढे १३ करोड भ्रष्टाचार गरेको आरोप अधिकारी र भण्डारीसहित सात जनाविरुद्ध छ ।

**सन्दर्भः वैदेशिक रोजगार**

स्वास्थ्य परीक्षण शुल्क वृद्धि विवाद

# वैदेशिक रोजगार व्यवसायी र स्वास्थ्य व्यवसायी आ–आफ्नै अडानमा



शुल्क घटाउन स्वास्थ्य व्यवसायी कुनै पनि हालतमा तयार हुनुपर्छ । मनोमानी गर्न पाइँदैन । जुन गन्तव्य मुलुकमा जे आवश्यक छ त्यो मात्र चेकजाँच गराए हुन्छ । ३४ वटा परीक्षण हामी आवश्यक देख्दैनौं ।

■ **महेश बस्नेत**
महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ



यो म्यानपावर व्यवसायीहरूले बुझ्नुभएको छ तर नबुझेजस्तो गरी विरोध गर्नुहुन्छ । हामीले लिने रकम ३४ वटा परीक्षणको शुल्क हो । उहाँहरूको क्षेत्रलाई हेर्ने हो भने त झनै अत्याचार भएको छ ।

■ **दाताराम काफ्ले**
महासचिव, नेपाल स्वास्थ्य व्यवसायी संघ

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण शुल्क वृद्धिको विषयमा स्वास्थ्य व्यवसायी र वैदेशिक रोजगार व्यवसायीहरू आ-आफ्नै अडानमा देखिएका छन् । गत सोमबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा भएको सर्वपक्षीय छलफलमा मन्त्रालयले यो विषय सकेसम्म आपसी छलफलबाट टुंगो लगाउनु भने पनि हालसम्म दुवै पक्ष आ-आफ्नो अडानबाट पछि हटेका छैनन् ।

मन्त्रालयको छलफलमा वैदेशिक रोजगारका सरोकारवालाबीच समन्वय र सहकार्यको अवस्था नदेखिएको बताइएको थियो । एक हप्ता बितिसक्दा पनि वैदेशिक रोजगार व्यवसायी र स्वास्थ्य परीक्षण व्यवसायीबीच कुरा मिल्ने अवस्था देखिएको छैन । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव महेश बस्नेतले कामदारलाई नेपालमा भएजति परीक्षण गराएर पठाउने हो त ? भन्दै प्रश्न गरे ।

'घर परिवारका वृद्ध आमाबुबाको औषधि किन्न नसकेर विदेश जाँदै गरेको मान्छेलाई ३४ प्रकारका परीक्षण किन गर्नुपर्‍यो ?,' बस्नेतको प्रश्न छ, 'बाध्यताले विदेश गइरहेका नेपाली युवालाई नेपालमै लुटेर पठाउने ? देशका धनी मान्छेलाई जे-जे परीक्षण गरे पनि भइहाल्यो नि । गरिब मान्छेहरूको जे आवश्यक छ त्यो मात्रै गर्नुपर्‍यो ।'

हाल शुल्क बढाउने विषय आवश्यक नरहेको उनले दाबी गरे । 'उहाँहरू (स्वास्थ्य व्यवसायी)ले मानिरहनुभएको छैन तर कुनै पनि हालतमा मान्नुपर्छ । हाम्रा कामदारको परीक्षण हो नि त । मनोमानी गर्न पाइँदैन,' महासचिव बस्नेतले भने, 'जुन गन्तव्य मुलुकमा जे आवश्यक छ त्यो मात्र चेकजाँच गराए हुन्छ ।

⏭ क्रमशः पृष्ठ २ मा

### ट्रेड युनियन कांग्रेसको आपत्ति

**काठमाडौं (प्रस)–** नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल ट्रेड युनियन कांग्रेसले वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य परीक्षण शुल्क बढाएको भन्दै आपत्ति जनाएको छ ।

युनियनका महासचिव अजयकुमार राईले आइतबार एक विज्ञप्ति जारी गरी सरकारले वैदेशिक रोजगारीमा जाँदा श्रमिकहरूले अनिवार्य रूपमा गर्नुपर्ने स्वास्थ्य परीक्षण र सोबापत तिर्नुपर्ने मेडिकल शुल्कमा एक्कासि झण्डै ५० प्रतिशत वृद्धि गरेको भन्दै ध्यानाकर्षण भएको बताए ।

नेपाल ट्रेड युनियन कांग्रेसले स्वदेशमा पर्याप्त रोजगारीको अभाव र बढ्दो बेरोजगारीको अवस्थालाई न्यूनीकरण गर्ने बाध्यात्मक...

⏭ क्रमशः पृष्ठ ५ मा

# प्रतिनिधिसभा पुनर्स्थापनाको मुद्दामा एमालेको पछि लाग्यो कांग्रेस




- ⏩ कांग्रेसले एमालेलेझैं विघटित प्रतिनिधिसभाका प्रमुख सचेतक श्याम घिमिरे र सचेतक सुशीला थिङसहित आठ जना निवेदक बनेर रिट तयार गरेको छ
- ⏩ एमाले अध्यक्ष केपी शर्मा ओलीले शुक्रबारमात्र कांग्रेस सभापति शेरबहादुर देउवासँग भेटेर अहिलेको सरकारले निर्वाचन गराउनै नसक्ने बताएका थिए
- ⏩ देउवाले एकपटक जसरी पनि प्रधानमन्त्री बन्ने इच्छा देखाएको र ओलीले यस विषयमा वचन दिएको बताइन्छ

■ प्रभाव संवाददाता

**काठमाडौं–** लोकतान्त्रिक दल नेपाली कांग्रेस प्रतिनिधिसभा पुनर्स्थापनाको मुद्दामा नेकपा एमालेको पछि लागेको छ । आइतबार नेपाली कांग्रेसले प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै सर्वोच्च अदालतमा रिट दायर प्रक्रियामा गएको हो ।

कांग्रेस नेता श्याम घिमिरेका अनुसार यो रिट सोमबारमात्र दर्ता हुने छ । 'हामीले प्रतिनिधिसभा पुनर्स्थापनाको माग गरेर आज रिट दिएका हौं । निवर्तमान प्रतिनिधिसभा सांसदहरूको हस्ताक्षर वारेसमार्फत पठाएर रिट गएको छ,' नेता घिमिरेले आइतबार भने । उनी विघटित प्रनिनिधिसभामा कांग्रेसको तर्फबाट प्रमुख सचेतक हुन् । आइतबार पूर्वमहान्यायाधिवक्ता खम्म खातीलाई कांग्रेसले रिट दर्ताको जिम्मेवारी दिएको हो ।

यसअघि मंसिर ९ गते यही मुद्दा लिएर सर्वोच्च पुगेको थियो । एमालेले विघटित प्रतिनिधिसभाका प्रमुख सचेतक महेश बर्तौला र सचेतक सुनिता बराललाई जिम्मा दिएरै रिट हाल्न लगाएको थियो । एमाले अदालतमा गएसँगै यो विषयले कांग्रेसमा पनि सर्वोच्च जाने चर्चा चलेको थियो । कांग्रेसले एमालेलेझैं विघटित प्रतिनिधिसभाका प्रमुख सचेतक श्याम घिमिरे र सचेतक सुशीला थिङसहित आठ जना निवेदक बनेर रिट तयार गरेको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## पोखरा विमानस्थल...

आचार्य एमालेबाट पर्यटनमन्त्री बनेका हुन् । उनी एमालेको आसन्न महाधिवेशनमा उपाध्यक्षको उम्मेदवार बन्ने तयारीमा थिए । यहीबेला उनीविरुद्धसमेत भ्रष्टाचार मुद्दा दायर भएको हो । अमात्य पनि एमालेबाटै पर्यटनमन्त्री भएका थिए ।

श्रेष्ठ भने खिलराज रेग्मीको सरकारमा पर्यटनमन्त्री भएका थिए । उनी यसअघि सम्पत्ति शुद्धीकरणमा दोषी ठहरिएका थिए । काभ्रेको पतञ्जली जग्गा हिनामिना प्रकरणमा पनि उनीविरुद्ध मुद्दा चलिरहेकै छ । उनै श्रेष्ठ पोखरा क्षेत्रीय विमानस्थल निर्माणमा भएको भ्रष्टाचारमा जोडिएका हुन् ।

अख्तियारका अनुसार नेपाल नागरिक उड्डयन प्राधिकरणका निलम्बित महानिर्देशक प्रदीप अधिकारी र पूर्वनिर्देशक मुरारी भण्डारीलाई पनि प्रतिवादी बनाइएको छ । दुवै जना नलिञ्चोक हेलिपोर्ट निर्माण अनियमितताका पनि प्रतिवादी हुन् ।

सर्वोच्च अदालतका पूर्वरजिस्ट्रारसमेत रहेका विमानस्थल निर्माणसम्बन्धी अध्ययन कार्यदलका तत्कालीन संयोजक रामकृष्ण तिमल्सेना, सुरेशमान श्रेष्ठ, मधुकुमार मरासिनीलगायत १० पूर्वसचिवहरूलाई समेत प्रतिवादी बनाइएको छ । बाँकी प्रतिवादीहरू नागरिक उड्डयन प्राधिकरणका कर्मचारी, चिनियाँ ठेकेदार कम्पनी र उक्त कम्पनीका कर्मचारी छन् । उनीहरूले अस्वाभाविक मूल्य निर्धारण गरी विमानस्थलको लागत अनुमान दोब्बर बढाएर राज्यलाई हानि नोक्सानी पुऱ्याएको अख्तियारको आरोप छ । विमानस्थल निर्माणको ठेक्का प्रक्रियाबाटै भ्रष्टाचारका लागि सेटिङ गरेको अख्तियारको जिकिर छ ।

अख्तियारका अनुसार सुरुमा नागरिक उड्डयन प्राधिकरणले विमानस्थल निर्माणको लागत अनुमान १७५ मिलियन अमेरिकी डलर तोकेको थियो । तर, विमानस्थल निर्माणका लागि आवश्यक पूर्वाधार र बजार मूल्यको अनुमान गरेर तोकिएको मूल्यभन्दा बढी प्रस्ताव पेस भएको थियो । त्यस्तो ठेक्का प्रक्रिया रद्द गर्नुपर्नेमा प्राधिकरणले चिनियाँ कम्पनीसँग वार्तामार्फत अनुमानित लागतमा सम्झौता गऱ्यो । यसलाई अख्तियारले भ्रष्टाचारको जग भनेको छ । जबकि त्यतिबेला नै सार्वजनिक खरिद अनुगमनको कार्यालयले ठेक्का सम्झौता नगर्न लिखितरूपमै राय दिएको थियो । यद्यपि, सम्झौतामार्फत तोकिएको लागत मूल्य प्राधिकरणले अनुमान गरेको भन्दा ८६ प्रतिशत बढी रहेको लिङ्देन नेतृत्वको छानबिन समितिले औंल्याएको थियो ।

प्राधिकरणको लागत अनुमान १७५ मिलियन अमेरिकी डलरको सट्टा ८६ प्रतिशतले वृद्धि हुनुले एकातर्फ ठेक्का प्रक्रिया इपिसी वा बिओक्यू कुन ढाँचामा सम्पन्न गर्न खोजेको हो भन्ने कुरा स्पष्ट हुन सकेको थिएन । यसबाट लागत अनुमानमा ठूलो अन्तर देखिएको अख्तियारले जनाएको छ ।

अख्तियार थप भन्छ, 'अर्कोतर्फ लागत अनुमानमा ठूलो अन्तर हुँदाहुँदै पनि प्राधिकरणबाट ठेक्का स्वीकृत हुनु सार्वजनिक खरिद कानुनको उल्लंघन भएको पुष्टि गर्दछ ।'

प्राधिकरणको अनुमान लागतभन्दा अन्ततः विमानस्थल निर्माणका लागि २८६.५२६ मिलियन अमेरिकन डलर बढी कायम भयो । त्यसका लागि चिनियाँ सिएमसी इञ्जिनियरिङ कम्पनीले सार्वजनिक संस्थाका राष्ट्रसेवकहरूलाई बद्नियत साथ पत्राचार गरेको पाइएको आरोपपत्रमा उल्लेख गरेको छ ।

कम्पनीले बढाइएको लागतमा ठेक्का पाउन सुरुबाट हरसम्भव प्रयास गरेको, कानुन नमान्ने र गैरकानुनी आर्थिक लाभ दिलाउने कार्य पूर्वनियोजित देखिएको, योजना मुताविक प्राधिकरण सञ्चालक समितिका पदाधिकारी एवं बोर्ड सदस्यहरूबाट काम बढाउने निर्णय भएको र बोलपत्र मूल्यांकन समितिले गैरकानुनी तवरले आर्थिक प्रस्ताव खोलेको तथ्य पनि आरोपपत्रमा समेटिएको छ ।

यसबाहेक सार्वजनिक खरिद ऐनको प्रतिकूल हुनेगरी बद्नियत राखी निर्णय गरेको, वार्ता गर्ने प्रावधान नै नभएको अवस्थामा वार्ताबाटै खरिद प्रस्ताव राखेको, ठेक्का प्रक्रियामा प्रभाव पार्न सक्ने राष्ट्रसेवकहरूलाई बद्नियतपूर्वक कार्य गराउन गैरकानुनी लाभ दिएको र ७० मिलियन बढी लागत थप हुनेगरी ठेक्का स्वीकृत गरेको भनिएको छ ।

कतिसम्म भने मन्त्रिपरिषद्बाट ११ पुस २०७० मा भएको निर्णयको अवज्ञा र अपव्याख्या गरिएको, सार्वजनिक खरिद ऐनको ठाडै उल्लंघन गरेको, निर्माण कम्पनीले प्राविधिक अनुभव पूरा नगरेको र बोलपत्र मूल्यांकनमा अनुत्तीर्ण भएको जनाइएको छ ।

तर, बोलपत्र प्रस्ताव स्वीकृत गरिएको र कम्पनीले छिटो परियोजना कार्यान्वयन गर्न दबाब दिएको, डा. रामकृष्ण तिमिल्सिना, सदस्यहरू डा. पुरुषोत्तम डंगोल, विनोदानन्द चौधरीले लागत बढाउन किटानी राय दिएको र कुत्सित उद्देश्यले विभिन्न निकायसँग राय प्रतिक्रिया माग गर्ने कार्य गरेको र लागत इस्टिमेट बढाउनुपर्ने कारण पुष्टि नभएको अख्तियारको दाबी छ ।

यसरी पोखरा विमानस्थल निर्माणमा आठ अर्ब ३६ करोड, ७३ लाख, ५५ हजार रूपैयाँ बिगो दाबी गरिएको छ । पोखरा विमानस्थल चीनको ऋण सहयोगमा बनाइएको राष्ट्रिय गौरवको आयोजना हो । २०६५ सालदेखि निर्माणका लागि अध्ययन सुरु गरिएको थियो, जुन २०७९ मा निर्माण सम्पन्न भयो ।

■■■

## यी हुन् ५५...

- **रोशन चित्रकार**, तत्कालीन उपमहानिर्देशक- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **ऋषिकेश शर्मा**, तत्कालीन उपमहानिर्देशक- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **नारायण गिरी**, तत्कालीन उपनिर्देशक- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **महेशकुमार बस्नेत**, तत्कालीन उपनिर्देशक- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **बाबुराम पौडेल**, तत्कालीन निर्देशक- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **अशोककुमार सुवेदी**, तत्कालीन उपनिर्देशक- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **मुरारी भण्डारी**, तत्कालीन प्रबन्धक- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **सुवर्णराज उपाध्याय**, तत्कालीन उपनिर्देशक- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **प्रतापबाबु तिवारी**, तत्कालीन निर्देशक- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **रुद्रप्रसाद फुयाल**, तत्कालीन प्रबन्धक- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **रामचन्द्र सुवेदी**, तत्कालीन प्रबन्धक- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **डा. रामकृष्ण तिमिल्सिना भन्ने डा. रामकृष्ण तिमल्सेना**, तत्कालीन रजिस्ट्रार- सर्वोच्च अदालत
- **डा. पुरुषोत्तम डंगोल**, तत्कालीन एयरपोर्ट इञ्जिनियर
- **विनोदानन्द चौधरी भन्ने बिनोदानन्द चौधरी मैथिल बाहुन**, सेवा निवृत्त निर्देशक- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **मुकुन्दप्रसाद भण्डारी**, तत्कालीन निर्देशक- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **गंगासागरमान श्रेष्ठ**, तत्कालीन प्रबन्धक- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **प्रदीप अधिकारी**, तत्कालीन उपप्रबन्धक तथा हालका महानिर्देशक- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **प्रा.डा. रवीन्द्रमान श्रेष्ठ**, तत्कालीन प्राध्यापक- त्रिवि इञ्जिनियरिङ अध्ययन संस्थान पुल्चोक
- **सूर्य ज्ञवाली**, तत्कालीन उपप्राध्यापक- त्रिवि इञ्जिनियरिङ अध्ययन संस्थान पुल्चोक
- **सन्तोषकुमार श्रेष्ठ**, तत्कालीन उपप्राध्यापक- त्रिवि इञ्जिनियरिङ अध्ययन संस्थान पुल्चोक
- **हंसराज पाण्डेय**, तत्कालीन उपनिर्देशक- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **डा. पुण्यराज शाक्य**, तत्कालीन उपनिर्देशक- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **द्वारिकाप्रसाद भट्टराई**, तत्कालीन वरिष्ठ कानुन अधिकृत- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **कुलप्रसाद सिम्खडा**, तत्कालीन प्रबन्धक- नेपाल नागरिक उड्डयन प्राधिकरण
- **मधुकुमार मरासिनी**, तत्कालीन सहसचिव- अर्थ मन्त्रालय
- **लालबहादुर खत्री**, तत्कालीन उपसचिव- अर्थ मन्त्रालय
- **कमलकुमार भट्टराई**, तत्कालीन शाखा अधिकृत- अर्थ मन्त्रालय
- **प्रेम उपाध्याय भन्ने प्रेमनाथ उपाध्याय**, तत्कालीन उपसचिव- अर्थ मन्त्रालय
- **स्व. पोस्टबहादुर बोगटीको हकवाला राममाया बोगटी, मन्त्री**- तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, अध्यक्ष- प्राधिकरण सञ्चालक समिति
- **ध्रुवदास भोछिभोयाको हकमा निजको हकवाला श्रीमती यमुनादेवी श्रेष्ठ**, तत्कालीन उपनिर्देशक- नागरिक उड्डयन प्राधिकरण
- **चाइना सिएमसी इञ्जिनियरिङ कम्पनी लिमिटेड** र सोका मुख्य भई काम गर्ने व्यक्ति चेयरम्यान वाङ बो र रिजनल जनरल म्यानेजर लिउ शेङचेङ

■■■

## वैदेशिक...

अहिले यति धेरै शुल्क बढाइहाल्नुपर्ने अवस्था नै थिएन । ३४ वटा परीक्षण हामी आवश्यक देख्दैनौं ।'

राज्य र व्यवसायीले आफूहरूसँग समन्वय नगरी बढाइएको शुल्क कुनै पनि हालतमा नस्वीकार्ने संघको अडान छ । छ हजार ५०० रूपैयाँमा भइरहेको परीक्षण नै वैज्ञानिक भएको संघले जनाएको छ । परीक्षण शुल्क बढ्दा सबै क्षेत्रलाई दीर्घकालीनरूपमा असर पर्ने समेत महासचिव बस्नेतको दाबी छ ।

यता नेपाल स्वास्थ्य व्यवसायी संघका महासचिव दाताराम काफ्लेले भने म्यानपावर व्यवसायीले शुल्कवृद्धिको विरोध गर्नु अर्थहीन भएको बताए । म्यानपावर व्यवसायीले उक्त विषय राम्रोसँग बुझे पनि नबुझेजस्तो गरेको काफ्लेले बताए ।

'यसरी विरोध गर्नुको अर्थ छैन । थपिएका परीक्षण भयो भने कामदार फर्किंदैनन् भन्ने सुनिश्चितताका लागि समयसापेक्ष शुल्क समायोजन भएको हो,' काफ्लेले भने, 'यो म्यानपावर व्यवसायीहरूले बुझ्नुभएको छ । तर नबुझेजस्तो गरी विरोध गर्नुहुन्छ । हामीले लिने रकम ३४ वटा परीक्षणको शुल्क हो । उहाँहरूको क्षेत्रलाई हेर्ने हो भने त झनै अत्याचार भएको छ ।'

सरकारले दुई वर्षदेखि गृहकार्य गरेर कार्यान्वयनमा ल्याएको निर्णयबाट पछि नहट्ने उनको भनाइ छ । बढेको मूल्य सरकारी अस्पतालको मूल्य भएको उनले जिकिर गरे । 'वीर अस्पतालको रेट नै हाम्रो रेट हो । सरकारले यत्रो अध्ययन गरेर कार्यान्वयन गर भनिसकेपछि फिर्ता लिने भन्ने हुँदैन,' उनले भने ।

मन्त्रालयले छलफल गर्नू भनेकाले दुवै संस्थाले गृहकार्य जारी रहेको र चाँडै छलफलमा जुट्ने जनाएका छन् । श्रम मन्त्रालयले पनि निर्देशिका बनाएर कार्यान्वयनमा गइसकेको विषयलाई तत्काल स्थगित गर्ने या फिर्ता लिने भन्ने नहुने जनाएको छ । यद्यपि सरकारले उच्चस्तरको छानविन समिति बनाएर अध्ययन गर्ने मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले बताए ।

'सरकारले निर्देशिका बनाएर कार्यान्वयनमा गइसकेको विषय हो । निर्देशिकामा जे छ त्यही कार्यान्वयन हुन्छ,' घिमिरेले भने, 'विभिन्न समस्याको पहिचान गर्न एउटा कार्यदल बनाएर त्यसले अध्ययन गरेको प्रतिवेदन सिफारिस गर्ने भन्ने निर्णय भएको छ ।'

■■■

## प्रतिनिधिसभा...

उक्त रिट सोमबारमात्र दर्ताको प्रक्रियामा जाने कानुनी संयोजकसमेत रहेका खातीले जनाए । गत भदौ २३ र २४ गते भएको जेन-जी विद्रोहलगत्तै भदौ २७ गते प्रतिनिधिसभा विघटन भएको थियो । त्यसपछि अन्तरिम सरकारको प्रधानमन्त्रीमा सुशीला कार्की नियुक्त भए । कार्की नेतृत्वको सरकारलाई फागुन २१ गते निर्वाचन गराउने म्याण्डेट छ । तर यो सरकारले निर्वाचन गराउनै नसक्ने दाबी एमाले अध्यक्ष केपी शर्मा ओलीले गर्दै आएका छन् । ओली तिनै व्यक्ति हुन् जो जेन-जी विद्रोहअघि सरकारको नेतृत्वमा थिए ।

वर्तमान सरकारले ओलीलाई काठमाडौं उपत्यका छाड्न नहुनेगरी आदेश जारी गरेको छ । यो सँगै ओली कार्की नेतृत्वको सरकार जसरी पनि असफल पार्ने खेलमा लागेको देखिन्छ । यही मेसोमा ओलीले शुक्रबारमात्र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग भेटेका थिए । उक्त भेटमा देउवालाई ओलीले यो सरकारले निर्वाचन गराउनै नसक्ने बताएका थिए । देउवाले भने सरकार निर्वाचनमा प्रतिबद्ध देखिएको बताएका थिए ।

यद्यपि, ओलीले सहमतिअनुसार देउवालाई प्रधानमन्त्री बनाउन नसकेकोले प्रतिनिधिसभा पुनर्स्थापना गरेरै भए पनि सरकारको नेतृत्वमा पुऱ्याउने दाबी गरेका थिए । यसका लागि पछिल्लो समय नेपाली सेनासमेत लागिपरेको ओलीले देउवालाई भनेका थिए । देउवाले पनि एकपटक जसरी पनि प्रधानमन्त्री बन्ने इच्छा देखाएको कांग्रेसकै नेताहरू बताउँछन् । जसकारण कात्तिक तेस्रो हप्ता कांग्रेसले प्रतिनिधिसभा पुनर्स्थापनाका लागि हस्ताक्षर संकलन गरेको थियो ।

हस्ताक्षर अभियानले कांग्रेसमा खैलाबैला मच्चिएपछि तत्कालका लागि कांग्रेस नेता घिमिरे मौन बसेका थिए । देउवा सिंगापुरबाट फर्किन लागेकै समय पारेर चलाएको हस्ताक्षरले त्यतिबेला कांग्रेसमा तरंग ल्याएको थियो । जेन-जी प्रदर्शनका क्रममा भदौ २४ गते आफ्नै निवासमा कुटिएका देउवा कात्तिक २८ गते फर्किएलगत्तै कांग्रेस अदालत जाने तयारी थियो । तर त्यतिबेला चौतर्फी विरोध भएपछि कांग्रेस 'ब्याक' भएको थियो ।

अहिले कार्की नेतृत्वको सरकार कमजोर बन्दै गएको बेला ओलीको पहलमा कांग्रेस फेरि प्रतिनिधिसभा पुनर्स्थापनाको मुद्दा लिएर अदालत जान कस्सेको हो । फागुन २१ गतेको प्रतिनिधिसभाको निर्वाचनमा भाग लिने निर्णय यसअघि कांग्रेसले गरिसकेको छ । अहिले कांग्रेसले प्रतिनिधिसभाको पुनर्स्थापनाको मुद्दालाई पार्टीको निर्णय नभएको भन्दै पन्छिन खोजेको देखिन्छ । कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले यो कुनै आधिकारिक निर्णय नभएको दाबी गरे । 'प्रतिनिधिसभा पुनर्स्थापनाका पक्षमा सर्वोच्चमा रिट लिएर जाने भनेर पार्टीले आधिकारिकरूपमा कुनै निर्णय गरेको छैन,' महतले भने ।

यद्यपि कांग्रेस बाहिरी रूपमा निर्वाचन भने पनि भित्री रूपमा प्रतिनिधिसभा पुनर्स्थापनाकै पछि रहेको नेताहरू बताउँछन् । कांग्रेसले निर्वाचन नहुने दाबीका साथ पुसको मसान्तका लागि महाधिवेशनको मिति तोकेको नेताहरू नै बताउँछन् । प्रतिनिधिसभा विघटनलाई सबै राजनीतिक दलले असंवैधानिक भनेका छन् । प्रतिनिधिसभा विघटनविरुद्ध १८ वटा रिट सर्वोच्च अदालतमा विचाराधीन छन् ।


**Chame Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Chame, Manang**

**Gandaki Province, Nepal**

**Invitation for Sealed Quotations**

**Second Date of publication: 8-12-2025**

1. Chame Rural Municipality, Manang office of the Rural Municipal Executive, Chame Manang Invites Sealed Quotations for the following Construction works.

| S.N. | Quotation Identification No. | Name of Project | Cost of Bid Document (NRS) | Estimated Cost (NRS) Including VAT & PS | Bid Security Amount (NRS) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | CRM-01/ SQ/082/083 | Construction of Guru Padma Sambhab Foundation Park. | 1000.00 | 1924663.10 | 47000.00 | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chame Rural Municipality, Office of the Rural Municipal Executive, Chame Manang Tel: 066-440170, fax: 066-440262, Email:chamegaupalika@gmail.com
Name of the Bank: Nepal Bank Ltd. Chame, Manang Nepal
Name of the Office: Chame Rural Municipality, Chame Manang
Office Code no: 801044001 Office Account no: Ga1.1(12803000001001000001)
Retention Account no: 12803000003000000001 ( for bid security)
Rajaswa (Revenue) Shrishak No: 14229
3. Sealed bids must be submitted to the office Chame Rural Municipality, Office of the Rural Municipal Executive chame Manang through www.bolpatra.gov.np/egp on or before.23-12-2025 12:00 hours..Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders representatives who choose to attend at 23-12-2025 14:00 hours of Chame Rural Municipality Office of the Rural Municipal Executive, Chame Manang. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by the bid security amounting of NRs. 47000.00 which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days.
5. If the last date of purchasing and/ or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

Note: ( As mentioned in clause 49ka of PPR 2074 clause 49ka add more relevant information as per required)

**Chief Administrative Officer**



**धनगढी उप-महानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**धनगढी, कैलाली**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्रको आशय पत्र सम्बन्धी सूचना**

**प्रकाशित मिति २०८२/०८/२२**


यस धनगढी उप-महानगरपालिका नगर कार्यपालिका कार्यालयको आ.व. २०८२/०८३ अन्तर्गत तपसिल बमोजिमका कार्यको लागि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार न्युनतम् मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएका बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| ठेक्का न. | कामको विवरण | फर्म/कम्पनी | कबोल रकम |
|---|---|---|---|
| 24/DSMC/ 2082/083 | Construction of Asphalt Road from Ring Road to Rajghat Bridge Road Section (Kanchan Marg) at Ward No. 03 DSMC | श्री काफली कन्स्ट्रक्सन प्रा.लि. टेकु, काठमाडौं | रू. ८१,९९,८९१/३० मु.अ. क. बाहेक |
| 25/DSMC/ 2082/083 | Construction of Blacktop Road and Drain Slab Works at Namuna Marg Road Section Ward No. 03 DSMC | श्री माया ममता कन्स्ट्रक्सन धनगढी, कैलाली | रू. २५,७२,०१९/०० मु.अ. क. बाहेक |
| 26/DSMC/ 2082/083 | Construction of Footpath Works from Gharelu Chowk to CG Chowk Road Section Ward No. 04 DSMC | श्री माया ममता कन्स्ट्रक्सन धनगढी, कैलाली | रू. १३,३९,०७०/०० मु.अ.क. बाहेक |
| 27/DSMC/ 2082/083 | Construction of Blacktop Roads (Hirapur to Diamond Chowk Road Section and Sajjan Basic School to North) at Ward No. 17 DSMC | श्री वि.आर. कन्स्ट्रक्सन धनगढी, कैलाली | रू. १८,७५,५८०/७५ मु.अ.क. बाहेक |
| 28/DSMC/ 2082/083 | Procurement for the Supply and Delivery of Sanitary Pad (Goods) | श्री एन्जल टच हाइजीन म्यानुफ्याक्चरीङ प्रा.लि. ललितपुर, नेपाल | रू. २७,६६,८२६/६६ मु. अ.क. बाहेक |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

# अभद्र व्यवहारको आरोपमा अपांग महासंघबाटै निष्कासित थिए गौतम


Regd. No.: 67/050/51 CDO, 1399/050/51 SWC

राष्ट्रिय अपाङ्ग महासंघ–नेपाल

NATIONAL FEDERATION OF THE DISABLED-NEPAL (NFDN)

Member: Disabled Peoples' International (DPI), Asia Pacific Disability Forum (APDF)

(Towards Inclusive, Barrier Free and Rights Based Society for the Persons with Disabilities)

Ref.: ०७८/०७९/३४४ — मिति २०७९/०३/३०

श्री कृष्ण गौतम
संघीय कार्य समिति सदस्य
राष्ट्रिय अपाङ्ग महासंघ नेपाल

**विषय: कार्य सम्पादन समितिबाट निष्काशन बारे ।**

प्रस्तुत विषयमा मिति २०७९/०२/२३ गते राष्ट्रिय अपाङ्ग महासंघले धुलिखेलमा आयोजना गरेको कार्यक्रम कार्यान्वयन गर्न तपाँइ स्वयम, गण्डकी प्रदेश अध्यक्ष र महासंघका कर्मचारी सहित जाने क्रममा बाटोमा र कार्यक्रम स्थलमा तपाँइले गरेको व्यवहारको विरुद्धमा मिति ०७९/०२/२७ मा इमेल मार्फत गरिएको उजुरी र विभिन्न कर्मचारी तथा घटनास्थलका प्रत्यक्षदर्शीहरूले मौखिक रूपमा गरेको उजुरी तथा गुनासोको सम्बन्धमा थप तथ्य बुझ्ने क्रममा मिति ०७९/०३/१७ गते महासंघको कार्यालय रातोपुलमा तपाँइ स्वयम र उजुरी गर्ने पक्षहरूबीचको भौतिक उपस्थितिमा र महासंघका संघीय पदाधिकारीहरु र प्रशासकीय व्यवस्थापकको उपस्थितिमा भएको छलफलमा तपाँइ लागायत उजुरी गर्ने पक्षले दिएको बयान, अन्य प्रत्यक्षदर्शीहरूले दिएको सूचना साथै तपाँइ स्वयमले मिति ०७९/०३/२० मा लिखित रूपमा दिएको निवेदन लगायत फिल्डमा काम गर्ने कर्मचारीहरूले कार्यालयमा उपस्थित भइ व्यक्त गरेको भनाइलाई अध्ययन गरिसकेपछी तपाँइले बाटोमा जाँदा र कार्यक्रम स्थलमा कार्यक्रमका सहभागी, होटेलका कर्मचारीहरुका बिचमा महासंघका कर्मचारीहरु र होटेल संचालक समेतलाई व्यक्तिको मर्यादा तथा इमान्दारितामा आँच आउने गरी र अपमान तथा लज्जाबोध हुनेगरि गाली बेइज्जती र अभद्र व्यवहार गरेको देखियो । सो कार्य तपाँइ स्वयमको पदीय मर्यादा विपरित, महासंघको नीति, विधान विपरित देखिन आएकोले संघीय कार्य सम्पादन समितिको मिति २०७९/०३/२६ गतेको निर्णय अनुसार मिति २०७९/०३/२७ बाट लागु हुनेगरि महासंघको कार्य सम्पादन समितिबाट निष्काशन गर्ने निर्णय गरिएको व्यहोरा जानकारी गराइन्छ ।

राजु बस्नेत
महासचिव

Central Office: Bhrikutimandap, Kathmandu, Nepal, Post Box No.: 9188, Tel.: +977 1 4231159 Fax: +977 1 4229522
E-mail: info@nfdn.org.np, Website: www.nfdn.org.np
"Nothing About Us Without Us"

■ प्रभाव संवाददाता

**काठमाडौं–** दण्डहीनतालाई प्रश्रय दिनेगरी सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले बुधबार सम्मान गरेका कृष्ण गौतमलाई राष्ट्रिय अपांग महासंघले नै कारबाही गरेको भेटिएको छ। उनलाई महासंघले कार्यसम्पादन समिति सदस्यबाट निष्कासन गरेको पत्र ३० असार २०७९ मा पठाएको फेला परेको हो ।

उनीविरुद्ध महासंघकै पीडित महिला कर्मचारीले यौन दुर्व्यवहार आरोपमा इमेलमार्फत उजुरी दिएकी थिइन् । महासंघले भने त्यसबेला गाली बेइज्जती र अभद्र व्यवहारको कसुरमा कारबाही गरेको भेटिएको हो। तर, महासंघले काभ्रेको धुलिखेल प्रकरणमा कारबाही गरेको प्रस्ट उल्लेख गरेको छ, जहाँ जाँदा दुई महिला कर्मचारीमाथि गौतमले सवारीसाधनमै यौन दुर्व्यवहार (ब्याड टच) गरेको आरोप थियो। ती पीडित महिला कर्मचारी भन्छिन्, 'कारबाही त भयो तर एउटा आरोप, कारबाही अर्केमा। म त थाकिसकेँ न्यायको लडाइँमा ।'

प्रभावसँग कुराकानी गर्दै गौतम स्वयंले पनि आफूमाथि ती महिला कर्मचारीले धुलिखेलमै त्यस्तो आरोप लगाएको र आफूले त्यसबेला इन्कार गर्दै प्रतिवाद गरेको बताइसकेका छन् । उनका अनुसार ती महिला कर्मचारीले काठमाडौं आएपछि इमेलमार्फत उजुरी दिएको र त्यसबारे जानकारी झण्डै एक महिनापछि मात्रै थाहा पाएको गौतमले नै बताए । 'धुलिखेलमै मलाई ब्याड टचको आरोप लगाउनुभयो। तर, मैले त्यहीँ प्रतिवाद गरेको थिएँ,' उनले भने, 'यता (काठमाडौं) आएपछि उजुरी दिएछन्, मैले झण्डै एक महिनापछि थाहा पाएँ ।' गौतमको भनाइबाट पनि ती महिला कर्मचारीले यौन दुर्व्यवहारको आरोपमा उजुरी दिएको खुल्छ ।

तर, महासंघले घटना र घटनास्थल एउटै भए पनि भिन्नै कसुरमा कारबाही गर्दै गौतमलाई त्यसबेला कार्यसम्पादन समिति सदस्यबाट निष्कासन गरेको फेला परेको हो । जहाँ भनिएको छ, '२०७९-०३-१७ गते महासंघको कार्यालय रातोपुलमा तपाईं स्वयं र उजुरी गर्ने पक्षहरूबीचको भौतिक उपस्थितिमा र महासंघका संघीय पदाधिकारीहरू र प्रशासकीय व्यवस्थापकको उपस्थितिमा भएको छलफलमा तपाईंलगायत उजुरी गर्ने पक्षले दिएको बयान, अन्य प्रत्यक्षदर्शीहरूले दिएको सूचना साथै तपाईं स्वयंले मिति ०७९-०३-२० मा लिखितरूपमा दिएको निवेदनलगायत फिल्डमा काम गर्ने कर्मचारीहरूले कार्यालयमा उपस्थित भई व्यक्त गरेको भनाइलाई अध्ययन गरिसकेपछि तपाईंले बाटोमा जाँदा र कार्यक्रमस्थलमा कार्यक्रमका सहभागी, होटलका कर्मचारीहरूका बीचमा महासंघका कर्मचारीहरू र होटल सञ्चालकसमेतलाई व्यक्तिको मर्यादा तथा इमान्दारितामा आँच आउनेगरी र अपमान तथा लज्जाबोध हुनेगरी गाली बेइज्जती र अभद्र व्यवहार गरेको देखियो ।'

त्यही भएर महासंघका तत्कालीन महासचिव राजु बस्नेतले लेखेको पत्रमा उनलाई कारबाही गरिएको उल्लेख गर्दै भनेका छन्, 'सो कार्य तपाईं स्वयंको पदीय मर्यादाविपरीत, महासंघको नीति, विधानविपरीत देखिन आएकोले संघीय कार्यसम्पादन समितिको मिति २०७९-०३-२६ गतेको निर्णयअनुसार मिति २०७९-०३-२७ गतेबाट लागू हुनेगरी महासंघको कार्यसम्पादन समितिबाट निष्कासन गर्ने निर्णय गरिएको व्यहोरा जानकारी गराइन्छ ।'

गौतमलाई धुलिखेल प्रकरणमा कारबाही गर्दा पनि महासंघ आलोचनामुक्त रहेन । सामाजिक सञ्जालका प्लाटफर्महरूमा अपांगता भएका व्यक्तिहरूको मानवअधिकारको पक्षमा सक्रिय र महासंघकै कतिपय पदाधिकारीले एउटा कसुरमा उजुरी परेको तर अर्कै कसुरमा कारबाही भएको भन्दै गम्भीर प्रश्न उठाएका थिए । त्यसबारे जवाफ दिँदै तत्कालीन महासचिव बस्नेतले महासंघले विधानअनुसार कारबाही गरिसकेको तर उनीमाथि लागेको आरोपबारे कार्यकारी गर्ने क्षेत्राधिकार महासंघको नभएको स्पष्ट पारेका थिए ।

'महासंघमा प्राप्त निवेदनका आधारमा घटनाको विश्लेषण गरी राष्ट्रिय अपांग महासंघ नेपालको विधान नीतिबमोजिम कुनै पनि दुर्व्यवहारलाई महासंघ शून्य सहनशीलताको सिद्धान्तमा कारबाही गर्छ र गरिसकेको छ,' यौन दुर्व्यवहारको कसुरलाई लक्षित गर्दै प्रेस महासंघले २०७९ साउन ३ मा जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'तर, सामाजिक सञ्जालमा आएजस्तो व्यक्तिले गरेका आपराधिक क्रियाकलापहरूको छानबिन गरी दण्ड सजाय दिन राज्यको कानुन आकर्षित छ, जुन राष्ट्रिय अपांग महासंघ नेपालको अधिकार क्षेत्रभित्र पर्दैन ।'

यसबाट पनि गौतममाथि यौन दुर्व्यवहार घटनाकै आरोपी भएको स्पष्ट हुन्छ । तर, कारबाही अर्कै कसुरमा भयो। कारबाहीपछि उनलाई महासंघको गतिविधिमा सक्रिय हुन प्रतिबन्ध लगाइएको थियो । यद्यपि, वर्तमान अध्यक्ष देवीदत्त आचार्यले गौतम आफ्ना अत्यन्तै निकट हुनाले सुटुक्क सफाइ दिएको पीडित पक्षको आरोप छ । उनै गौतम १६ दिने महिला हिंसाविरुद्धको अभियान जारी रहँदा अध्यक्ष आचार्यको सिफारिसमा बुधबार सञ्चारमन्त्री जगदीश खरेलबाट सम्मानित भएका हुन्, जसले दण्डहीनतालाई प्रश्रय दिने भन्दै अपांगता भएका व्यक्तिहरूको अधिकारको क्षेत्रमा क्रियाशील व्यक्तिहरूले चिन्ता प्रकट गरेका छन् ।

## गौतमको खण्डन

## मलाई अपमानित गरियो



**काठमाडौं (प्रस)–** यौन दुर्व्यवहार अरोपी नै सञ्चारमन्त्रीबाट सम्मानित भएको समाचारप्रति कृष्ण गौतमले आपत्ति जनाएका छन् । प्रभाव दैनिकमा शुक्रबार प्रकाशित उक्त समाचारले आफूलाई अपमानित गरेको भन्दै उनले खण्डन गरेका हुन् ।

'प्रकाशित प्रसारित सामग्रीमा यौन दुर्व्यवहार अरोपी नै सञ्चारमन्त्रीबाट सम्मानित शीर्षक भनी उल्लेख भएको रहेछ। उक्त विषय सत्य तथ्य नबुझी शीर्षक नै म माथि लाञ्छित, अपमानित र पूर्वाग्राही भएर लेखिएको छ,' उनले पठाएको खण्डनपत्रमा उल्लेख छ, '...व्यक्ति विशेषको प्रभावमा परी मेरो चरित्र हत्या गर्ने मनसायले उद्धत रहेको र मैले गरेको उन्नति प्रगतिप्रति डाहा रिस गरी यो शीर्षक लेखिएको छ ।'

पीडितले कहीँ कतै न्यायिक निकायमा अरोप लगाइ आफूविरुद्ध उजुरी गरेको जानकारी नभएकोसमेत उनले दाबी गरेका छन् । यद्यपि, आफूविरुद्ध अपांग महासंघमा उजुरी परेको विषय गौतम स्वयंले स्वीकारेको भए पनि खण्डनपत्रमा आफूलाई कतैबाट पनि सोधपुछ नभएको जिकिर गरेका छन् ।

'नेपाल अपांग महिला संघ र अपांगता भएका महिलाहरूको महासंघले पनि कारबाहीका लागि दबाब दिएको उल्लेख भएको रहेछ । उक्त विषयमा नेपाल अपांग महिला संघ र अपांगता भएका महिलाहरूको महासंघले मलाइ कहिल्यै पनि उजुरी परेको भनि सोधपुछ नगरेको, यस बारेमा मलाई कुनै सूचना नभएको...,' खण्डनपत्रमा उल्लेख छ ।

## के.आई. सिंह गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**वायल, डोटी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र आव्हानको सूचना

(दोस्रो पटक प्रकाशित मिति: २०८२-०८-२१)

के.आई.सिंह गाउँपालिकाको देहाय बमोजिम ठेक्काको लागि शिलबन्धी बोलपत्र माध्यमबाट गराउनु पर्ने भएको हुँदा देहायको ठेक्काको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम २ बमोजिम सबै योग्य बोलपत्रदाताहरूका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल (www.bolpatra.gov.np/egp) मार्फत बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | ठेक्काको नाम | जम्मा लागत अनुमान (भ्याट सहित) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| 02/SQ/GOODS/KIS-RUM/2082/083 | Procurement and Supply of Electrical Related Goods | 18,00,000/- | 45000/- | 1000\|- |

**प्रमुख प्रशासकीय अधिकृत**

# Khatyad Rural Municipality

**Office of the Rural Municipal Executive**

**Ramtadi, Mugu**

## Invitation for Bids

**First Date of Publication: - 2082/08/22 BS, 2025/12/08 AD**

1. Khatyad Rural municipality Ramtadi, Mugu invites only electronic bids from eligible bidders for the construction of following works under National Competitive Bidding under the Single-Stage, Single Envelope Biding Procedure.

| S. N. | Contract No/ Bid No | Description of Works | Total cost of project including VAT. | Bid Security Amount (NRs) | Bid document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | KRM/NCB/ WORKS/ 01/82/083 | Construction of School Building at Shree Nepal Rastiya Secondary School, Khatyad-01, Karmasi, Mugu | 1,24,72,008.28/- | 281000/- | 3000.00/- | |
| 2. | KRM/NCB/ WORKS/ 02/82/083 | Construction of School Building at Shree Mahadev Secondary School, Khatyad-10, Hynglu, Mugu | 1,24,72,008.28/- | 281000/- | 3000.00/- | |
| 3. | KRM/NCB/ WORKS/ 03/82/083 | Construction of School Building at Shree Panchodaya Secondary School, Khatyad-09, Nakharji, Mugu | 78,41,712.40 /- | 176500/- | 3000.00/- | |
| 4. | KRM/NCB/ WORKS/04/82/083 | Road upgrating Works at Chumla to Sain-Rol, Khatyad -03, Mugu | 2,999,965.10 /- | 75000/- | 3000.00/- | |
| 5. | KRM/NCB/ WORKS/05/82/083 | Construction of Slab Culvert at Pache -Karkha-Jamir Road section, Khatyad-07,06,09, Mugu | 3,818,636.99/- | 96000/- | 3000.00/- | |
| 6. | KRM/NCB/ WORKS/06/82/083 | Construction Road Works Riga to Hynglu, Khatyad-08,10, Mugu | 1,500,098.08/- | 38000/- | 1000.00/- | |
| 7. | KRM/NCB/ WORKS/07/82/083 | Rikhiya gau dekhi school sammko RCC bato | 3,999,839.53 /- | 92000/- | 3000.00/- | |

2. Purchase, Submission and Opening :
3. Information to deposit the cost of bidding document :

| Activity | Date | Time |
|---|---|---|
| Submission of Bid | Up to 2082/09/22 ( 22nd Sep. 2026) | 15:59Hrs |
| Opening of Bid | Up to 2082/09/22 ( 22nd Sep. 2026) | 16:01 Hrs |

**Name of the Bank**: Machhapuchchhre Bank, Khatyad, Branch
- **Name of Office: Khatyad Rural Municipality**

**Dharauti Account No**.: 720065818000068
**Rajaswa (revenue) Account No**. 720065818000083

4. Bidders shall have the option of submitting their bids: "by electronic only". Bids received after this deadline will be rejected.
5. The unit price furnished in words shall prevail in case of any discrepancy between figures and words.
6. Matters not covered by this notice shall be in accordance with Public Procurement Act 2063 (First amendment 2073 as well and Public Procurement Regulation 2064.
7. Bids must be valid for a period of 90 days after bid opening which shall be valid for 30 days beyond the validity period of the bid.
8. The Employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time to contract Award.
9. For all other details, please refer to the complete set of bidding documents at Khatyad Rural Municipality, Majhchaur, Mugu

**Chief Administrative Officer**


**युएइ/बहराइनमा रोजगार** — कम्पनी : ARUN VALLEY BUILDINGS MAINTENANCE AND CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/04/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/२१ | LT. No. 328700 | चलानी नं. ६०२४२६९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 50 | 0 | 1000 | ३९,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : PRO KLEEN SERVICES W.L.L

पूर्व स्वीकृति मिति : २०८२/०२/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/२१ | LT. No. 324443 | चलानी नं. ६०२३८४३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 25 | 0 | 100 | ३६,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २९ गते (15th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Chinari Overseas Pvt. Ltd.**
Dhumbarahi, Kathmandu, Nepal, Tel : +977-1-4372922/ 4376922, E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com
Govt. License 1165/073/074

**युएइमा रोजगार** — कम्पनी : ALWAFA FACILITY SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०८/२१ | LT. No. 318344 | चलानी नं. ६०२३२६००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper/Cleaner | 145 | 0 | 800 | ३१,३२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AL WAFA STAR CLEANING & SECURITIES SERVCES

पूर्व स्वीकृति मिति : २०८२/०२/०९ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०८/२१ | LT. No. 324366 | चलानी नं. ६०२३८३९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper/Cleaner | 0 | 100 | 900 | ३५,२३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८२ मंसिर २८ गते (14th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम ईजाजत नं. ७७७/०६५/०६६

**बहराइनमा रोजगार** — कम्पनी : ALAMANI SALON — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/०८/२१ | LT. No. 334828 | चलानी नं. ६०२४८५३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 4 | 150 | ५७,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : BEA BEAUTY SALON — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/०८/२१ | LT. No. 334902 | चलानी नं. ६०२४८५३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 2 | 150 | ५७,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Nail Technicians | 0 | 2 | 150 | ५७,३२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २९ गते (15th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HR NEPAL SERVICES PVT. LTD.**
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, 9700699158, Email: hrnepalservices@gmail.com
श्रम ईजाजत नं. १५४८/०७८/०७९

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# अस्वीकृत नेतृत्वको पछि लाग्दै कांग्रेस

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा असफल नेतृत्वमध्येका एक हुन् । २०७९ को निर्वाचनमा पहिलो दल बन्दासमेत देउवाले सरकारको नेतृत्व गर्न सकेनन् । देउवाको काम कहिले पुष्पकमल दाहाललाई प्रधानमन्त्री बनाउने त कहिले केपी शर्मा ओलीलाई प्रधानमन्त्री बनाउनेमात्र भयो ।

निर्वाचनमा एक्लै लड्न नसकेर देउवाले कहिले माओवादीसँग गठजोड गर्‍यो त कहिले एमालेसँग । सरकार गठनको क्रममा पनि कहिले माओवादीलाई काँध थाप्यो त कहिले एमालेलाई । काँध गलुञ्जेल दुई दललाई बोकेको कांग्रेसका सभापति देउवाले सुशासनमा कुनै काम गर्न सकेनन् । गिरीबन्धु टी–स्टेटमा एमाले अध्यक्ष ओलीको धुरन्धर विरोध गरेको कांग्रेसले गठबन्धनको सरकार बनेपछि ओलीको पूजापाठ गर्न थाल्यो । उनै ओलीको वरिपरि घुमेर सरकारबाट विवादास्पद निर्णयहरू गराउन तयार भयो । गठबन्धन सरकारले जनआक्रोश यति बढायो कि, झण्डै दुईतिहाइको घमण्ड दुई दिनको सडक आन्दोलनले ध्वस्त बनायो ।

जेन–जी विद्रोहमा देउवाले कुटाइ खानुपर्‍यो । देउवा दम्पती बालबाल बचे । देउवा कांग्रेसका उनै सभापति हुन् जसले आफ्नै श्रीमती आरजु देउवालाई केन्द्रीय समिति सदस्यदेखि मन्त्रीसम्म बनाए । देउवाको यो निर्णयलाई कांग्रेसीहरूले लालमोहर लगाइरह्यो । परिणामस्वरूप कांग्रेस अहिले मुख लुकाउनुपर्ने अवस्थामा पुगेको छ । यस्तो अवस्थामा पनि कांग्रेसले देउवालाई बोकिरहेको छ । देउवाले चाहेको छ, अबको निर्वाचनबाट आफू अनुमोदित हुन्न । कदमकदाचित डडेलधुराले एकपटक जिताए पनि कांग्रेसले बहुमत ल्याउन सक्ने अवस्था छैन । यसकारण पनि यही प्रतिनिधिसभा ब्युँताएर एकपटक प्रधानमन्त्री बन्ने सपना देउवाले देख्न थालेका छन् ।

देउवाको सपना पूरा गराउन कांग्रेस घुँडा टेकेर लागेको छ । कांग्रेस संस्थापन देउवा प्रधानमन्त्री भए आफूहरू पुनः शक्तिमा फर्किने दाउमा छ भने संस्थापनइतर एकपटक देउवा प्रधानमन्त्री भए आफूहरूले अर्को पटकमा सजिलै पालो पाउने आशामा देखिन्छन् । जसकारण यी दुवै पक्ष मिलेर प्रतिनिधिसभा पुनर्स्थापनाको मुद्दा सर्वोच्च अदालतमा लाँदै छन् । यसअघि यो मुद्दा एमालेले अघि बढाइसकेको छ ।

मुलुकमा हुने महत्त्वपूर्ण परिवर्तनहरूमा कांग्रेसले नेतृत्वदायी भूमिका निभाउँदै आएको थियो । यसपटक भने कांग्रेस एमालेको पछुवा भएको छ । यो पनि सभापति देउवाको सपना पूरा गर्न । यो विषयमा कांग्रेसले लाज मान्नुपर्ने हो । खुरुखुरु जनताले चाहेको परिवर्तनलाई संस्थागत गरी महाविधेशनबाट नेतृत्व फेर्न लाग्नुपर्नेमा अड्डा अदालत धाउने कांग्रेसको यो मतिले निर्वाचनमा के मुख देखाउँदै घरदैलोमा धाउने होला ?

# मतदाताले नयाँ रोज्लान् कि पुरानै दल



❑ रिसव गौतम

अबको चुनावमा कसले बाजी मार्ला ? कुन पार्टी अगाडि आउला ? भन्ने प्रश्न व्यापक गुञ्जिन थालेका छन् । ती प्रश्नको उत्तर व्यक्तिको झुकाव, अध्ययन र विश्लेषणमा आधारित हुन्छन् । तर निष्पक्षरूपमा भन्दाखेरी यसपटक जनताले पुराना दल र नेताहरूलाई भन्दा नयाँलाई रूचाउने सम्भावना छ । एक त नवयुवाहरु मतदाताको रूपमा धेरै नै थपिएका छन् । अर्को पुराना दलहरूको लोभीपापी शैली, भ्रष्टाचार, पदलोलुप आदिजस्ता प्रवृत्तिले पनि मतदातामा वितृष्णा छ ।

फागुन २१ नजिकिएसँगै देशमा चुनावी सरगर्मी बढेको छ । प्रतिनिधिसभा निर्वाचनमा सहभागी हुन उत्साहजनकरूपमा नयाँ दलहरू दर्ता भएका छन् । यससँगै मुलुकमा दलको संख्या पनि करिब डेढ सय पुगेको छ । निर्वाचन आयोगले तोकेको समयसीमाभित्र प्रतिनिधिसभा निर्वाचनमा भाग लिन पुराना तथा नयाँ दलहरू सूचीकृत भइसकेका छन् । निर्वाचन प्रयोजनका लागि दल दर्तामा देखिएको उत्साहले निर्वाचन हुँदैन भनेर दाबी गर्नेहरूका तर्क केही हदसम्म खारेज गरेको छ । यद्यपि, सरकारले चुनाव शान्तिपूर्ण र भयरहीत वातावरणमा गर्ने सुनिश्चितता नगरेसम्म तोकिएको मितिमै चुनाव हुनेमा विश्वस्त नरहेको दलहरूले बताइरहेका छन् ।

विगतदेखि नै विभिन्न थरीका मागहरू राखेर आन्दोलन गरिहेको दुर्गा प्रसाईं पक्षले आफ्ना मागहरू पूरा नगरिए चुनाव हुँदैन भनिरहेको छ । उता २३ र २४ भदौको जेन-जी विद्रोहपछि सत्ताबाट हठात् बहिर्गमन भोगेको नेकपा एमाले नेतृत्वले चुनावलाई मनैदेखि स्वीकार गरिसकेको छैन । बरु विघटित प्रतिनिधिसभा पुनर्स्थापना गर्नका लागि एमाले सडक दबाब र कानुनी लडाइँमा लागेको देखिन्छ । चुनावबाट भाग्दैनौ भनेर उसले कूटनीतिक जवाफमात्र दिएको छ । खासगरी जेन-जी आन्दोलन दबाउन र ७६ भन्दा बढीको हताहतीमा प्रमुख भूमिका खेलेको आरोप एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी ओलीमाथि छ । फलस्वरूप पनि जेन-जी युवाहरू एमाले नेतृत्व र उसका कतिपय नेताहरूको 'हेट स्पिच' माथि प्रहार गरिरहेका छन् । त्यसले पनि चुनावी वातावरणमा संशय उत्पन्न गरेको छ । दुर्गा प्रसाईं र कहीँ न कहीँ कूटनीतिक हिसाबको एमाले नेतृत्वको भूमिकाको कारण चुनाव केही महिना पर सक्ने सम्भावना पनि देखिन्छ । तर चुनाव भने अवश्य हुने छ, हुन जरुरी छ ।

किनकि २३ र २४ भदौको जेन-जी विद्रोहपछिको अवस्थामा देश सार्वभौम संसद्विहीन अवस्थामा छ । पूर्वप्रधानन्याधीश सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले निर्वाचन प्रयोजनका लागि काम गरिरहेको छ । सरकारको प्रमुख अभिभारा निर्वाचन गराउनु नै हो । त्यही काममा वातावरणलाई नबिथोली सरकार लागिरहेको पनि देखिन्छ । पछिल्लो समय सरकारले नयाँ तथा पुराना सबैखाले दलहरूसँग, आन्दोलनरत पक्ष दुर्गा प्रसाईंहरूसँग पनि संवाद बढाइरहेको छ । निर्वाचन आयोगमा दल दर्ता गराएका पार्टीहरू चुनावी सभा, सम्मेलन तथा अभियान सुरु गरिसकेका छन् । त्यसकारण चुनाव हुन्छ नै । तोकिएकै समयमा भएन भने पनि केही महिना धकेलिएर पनि हुन्छ । चुनावको विकल्प पनि छैन । फेरि अन्तिम समयमा वा घडीमा होस् पुर्‍याउने नेपालीहरूको, राजनीतिक दलहरूको बानी नै छ ।

अर्को, निर्वाचन आयोग चुनाव गराउन अन्त्यन्त सक्षम छ । आयोगले यसबीच उमेर पुगेका नवयुवाहरूलाई मतदानमा सहभागी गराउन मतदाता नामावली अद्यावधिक गरिसकेको छ । फलस्वरूप अहिले आठ लाखभन्दा बढी नयाँ मतदाता थपिएका छन् । विभिन्न मित्रराष्ट्रहरू चुनावमा सहयोग गर्न तयार देखिन्छन् । सरकारले यसपटक चुनाव हुनु तीन महिनाअघिदेखि नै सेना परिचालन गर्ने, निर्वाचन सुरक्षा कायम गर्ने गरी तयारी गरिसकेको छ । झण्डै दुई लाख म्यादी प्रहरी भर्ती गर्ने तयारीमा सरकार छ । र, यसपटक प्रदेशसभा चुनाव नभइ प्रतिनिधिसभाका लागिमात्र चुनाव हुँदै छ । त्यसकारण त्यति झण्झटिलो पनि हुने छैन चुनाव । यत्ति हो, सरकारले दुर्गा प्रसाईं समूहलाई पनि सम्झाएर चुनावमा भाग लिने गरी तयार गर्‍यो, एमाले नेताहरूलाई पनि आफ्ना जिल्ला-जिल्लामा गएर मत माग्ने गरी वातावरण तयार गर्‍यो भने चुनाव समयमै हुन्छ । तर चुनावको प्राविधिकसँगै राजनीतिक वातावरण तयार गर्न सरकारले अझै मिहेनत गर्न आवश्यक देखिन्छ ।

## नयाँ आउलान् कि पुरानै ?

अबको चुनावमा कसले बाजी मार्ला ? कुन पार्टी अगाडि आउला ? भन्ने प्रश्न व्यापक गुञ्जिन थालेका छन् । ती प्रश्नको उत्तर व्यक्तिको झुकाव, अध्ययन र विश्लेषणमा आधारित हुन्छन् । तर निष्पक्षरूपमा भन्दाखेरी यसपटक जनताले पुराना दल र नेताहरूलाई भन्दा नयाँलाई रुचाउने सम्भावना छ । एक त नवयुवाहरू मतदाताको रूपमा धेरै नै थपिएका छन् । अर्को पुराना दलहरूको लोभीपापी शैली, भ्रष्टाचार, पदलोलुप आदिजस्ता प्रवृत्तिले पनि मतदातामा वितृष्णा छ । हुन त पुराना दलहरू कार्यकर्तामा आधारित पार्टी हुन् । कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टी, राप्रपा आदि कार्यकर्ता बेस पार्टी हुन् । हरेक कार्यक्रम वा सभा, सम्मेलनमा उनीहरूका देशभर छरिका कार्यकर्ताहरू समय र स्थानअनुसार सहभागी भएकै हुन्छन् । त्यसो त केही लाख कार्यकर्ता हुँदैमा त्यही पार्टी अगाडि आउँछ, सबै उसैले ल्याउँछ भन्ने पनि होइन । चुनावमा भोट हाल्ने मतदाता भनेका करोडमाथि हुन्छन् । तीनले गर्ने निर्णयले परिणाम आउने हुन् ।

यसपटक मतदाताको झुकाव भने युवाहरूमा केन्द्रित देखिन्छ । अहिलेका 'कलेज जेनेरेसन'का युवाहरूले जुन दललाई रुचाएर चुनावमा 'क्याम्पेनिङ' गर्न थाल्छन् त्यही पार्टीलाई लाभ हुने सम्भावना छ । अहिलेसम्मको अवस्था हेर्दा जेन-जी युवाहरूले चुनावमा भाग लिनेगरी आफ्नै पार्टी त खोलेका छैनन् । तर उनीहरूले सहयोग गर्ने खालको पार्टी भनेको कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टी वा अलिकति राष्ट्रिय स्वतन्त्र पार्टी अथवा पूर्वतिर प्रभाव छेडेका हर्क साम्पाङहरूलाई हुनसक्छ ।

अहिलेको अवस्था सबै पुराना पार्टीहरूमा विग्रह नै देखिन्छ । एमाले महाधिवेशनबाट पुरानै नेतृत्व फेरि आउने हो वा नयाँ, भन्न सकिने अवस्था छैन । नयाँ आएछ भने एमाले पार्टीले आफ्नो केही शाख जोगाउला पनि । अन्यथा यो चुनावमा सबैभन्दा क्षति उसैले व्यहोर्ने सम्भावना छ । कांग्रेस नेतृत्वमा उस्तै रस्साकस्सी देखिन्छ । यद्यपि, कांग्रेसमा गगन थापाजस्ता युवाहरूमाझ लोकप्रिय पात्रलाई प्रधानमन्त्री तोकेर चुनावमा गएछ भने पुरानो जरा गाडेको पार्टीको हिसावले सो पार्टीले आफ्नो हैसियत जोगाउन सक्ला । अन्यथा उसको पनि जहाज डुब्नेवाला छ । किनकि रास्वपा, कुलमानलगायतले खोलेका पार्टीहरूमा जाने मत भनेको कांग्रेसभित्रका असन्तुष्ट मत नै हो । अर्को माओवादी केन्द्रले विभिन्न कम्युनिस्ट घटकहरू जोडजाड गरेर बनाएको नेपाली कम्युनिस्ट पार्टी अलिकति हौसिएको देखिन्छ । खासगरी विभिन्न सानाठूला १४ पार्टीलाई मिसाएर एउटा ठूलो पार्टीजस्तो त बनेको छ । तर त्यो कति युनिफाइड हुनसक्छ, त्यो कति अनुशासित हुनसक्छ र चुनावमा उसले युवाहरूलाई टिकट दिएर अघि सार्छ कि पुरानै बूढाहरूलाई नै अघि ल्याउँछ भन्ने हेर्नुपर्ने हुन्छ । यद्यपि, उसले पहिलेको भन्दा आफ्नो शक्ति बढाउने कुरामा दुईमत छैन । तर फेरि पनि भन्छु जनताको यसपटकको सेन्टिमेन्ट भनेको नयाँ र युवाहरूका लागि देखिन्छ । अर्को, राप्रपा यसपटक आफ्नो पक्षमा माहोल आउने अनुमान गरिरहेको छ । तर उसले सोचेजस्तो नहुनसक्छ । तराइका क्षेत्रीय पार्टीहरूको पोजिसनमा धेरै फेरबदल नआउन सक्छ । आए पनि एउटा पार्टीबाट उस्तै र उनीहरूकै अर्को पार्टीमा मतदाताहरूको झुकाव बढ्न सक्छ ।

समग्रमा, गरिब र मध्यम वर्ग धेरै भएको हाम्रो देशमा आज पनि कम्युनिस्ट मतदाताहरू धेरै छन् । भर्खर जरा गाडेका नयाँ पार्टीहरूलाई मिश्रित निर्वाचन प्रणालीका कारण भनेजस्तो हुने छैन । समानुपातिक निर्वाचन प्रणालीले कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी, एमाले, राप्रपा, रास्वपा, जसपाजस्ता पार्टीहरूलाई फाइदा पुग्ने हो । त्यसमाथि पुराना दलहरूले वर्षौं सरकारमा बसेर धेरैको हितचित्त सन्तुष्ट गराएका छन् । उनीहरूलाई आफ्ना कार्यकर्ता बनाएका छन् । त्यो भोट समानुपातिक निर्वाचन प्रणालीका कारण खेर जाने छैनन् । बरु विभिन्न नयाँ दलहरूले ल्याउने समानुपातिक मत तीन प्रतिशतको थ्रेस होल्ड पार नगर्न सक्छ । उनीहरू राष्ट्रिय पार्टी बन्न नसक्दा भोट खेर गएर पुरानै पार्टीहरूलाई फाइदा पुग्ने हुन्छ ।

त्यसकारण अबको चुनावबाट पनि कुनै नयाँ दल सर्लक्कै बहुमतसिद्ध भइहाल्ने सम्भावना छैन । सबै नयाँ भन्ने दलहरू, रास्वपा, कुलमान मिलेछन् भने बेग्लै कुरा । अन्यथा त्यो पनि सम्भावना छैन ।

अहिलेको अवस्था हेर्दा गगन थापालाई अगाडि राखेर चुनावमा गयो भने कांग्रेस पहिलो पार्टी हुनसक्छ, त्यो गरेन भने पुष्पकमल दाहाल नेतृत्वको नेपाली कम्युनिस्ट पार्टी पहिलो हुन पनि सक्छ । अर्थात् पहिलो वा दोस्रो पार्टी भनेको नेकपा वा कांग्रेस हुनसक्छ । तेस्रोमा रास्वपा, एमाले वा कुलमान नेतृत्वको उज्यालो नेपाल पार्टीमध्ये कुनै एउटा आउन सक्छ । यद्यपि, बालेनसहितको समर्थनमा कुलमान र रास्वपा दुवै पार्टी मिले भनेचाहिँ पासा पल्टाउन पनि सक्छन् । पहिलो पार्टी बन्न पनि सक्छ । किनकि जेन-जी, पढेलेखेकाहरूको अलि बढी 'सेन्टिमेन्ट' रहने कारण त्यो वातावरण बन्नसक्छ । तर जेन-जीहरू, नयाँ दलहरू एक आपसमा मिल्न नसकेको अवस्था हेर्दा आउने चुनावको परिणाम फेरि पनि उही पुरानै दलहरूमा दोहोरिन सक्छ ।

## श्रम सरोकार

# वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

## पाठक मञ्च

# जनतालाई भ्रमित बनाएर सत्तामा पुग्ने दाउमा दल !

कानुनले लागुऔषध सेवन, बेचबिखन, ओसारपसार बर्जित गरेको छ । त्यस्तै, घरेलु मदिरा बनाउन र किनबेचमा पनि रोक लगाइएको छ । जुवातास खेल्न-खेलाउन, सार्वजनिक स्थलमा धूमपान बेचविखन तथा सेवन पनि निषेध गरिएको छ ।

नेपालको कानुनले यौनधन्दालाई गैरकानुनी मानेको छ । तर, पछिल्लो समय यस्ता गतिविधि बढ्दो देखिन्छ । कोहीले लागुऔषध, मदिरा र धूमपानमा आफ्नो जीवन सिध्याएका छन् त कसैले जुवातास खेलेर । कतिपयचाहिँ यौनधन्दामा लागेर आफ्नो जिन्दगी वर्वाद पारिरहेका छन् । अझ यस्ता गतिविधिमा बच्चादेखि बूढासम्म देखिन्छन् ।

देश बनाउने जिम्मेवारी राज्य, सरकारसँगै नागरिकको पनि हो । तर, नागरिकहरू यस्ता गतिविधिमा फसेपछि देशको के हुन्छ ? नेपालले एकातिर दक्ष युवा गुमाइरहेको छ, अर्कोतिर मुलुकमा विकृति बढिरहेको छ । सन्तान जन्मिँदा त्यो आमाबुबाको छोराछोरीमात्रै हुँदैन, देशको आगामी भविष्य र नागरिक पनि हुन्छ । तर, देशका भविष्यहरू नै यस्ता कुलत, गैरकानुनी काममा लागेपछि उसमा जन्मिएदेखि अभिभावकले गरेको लगानी त डुब्छ नै सँगै राज्यलाई पनि ठूलो क्षति पुग्छ । किनकि नागरिकमा अभिभावकमा मात्र नभई राज्यको पनि लगानी हुन्छ । विडम्बना, उसले कुलत वा गैरकानुनी काम गरी अकालमै ज्यान गुमाउँदा वा जेल पुग्दा देशले एउटा दक्ष युवा जनशक्ति गुमाउँछ ।

केही वर्षयता घरजग्गा, गाडी, सेयर कारोबार ठप्प छ । व्यापार व्यवसायमा पनि व्यापक मन्दी छ । सहकारी, लघुवित्त, फाइनान्समा करोडौं बचतकर्ताको पैसा डुबेको छ । अनि सहन नसकेपछि बिहानैदेखि रातिसम्म मानिसहरू भट्टी पसलमा बिताउँछन् । दिनभर जाँडमा लठ्ठ हुन्छ अनि राति भट्टी पसल बन्द भएपछि सडकमै सुत्छन् । यसले त्यो नागरिकको त भविष्य वर्वाद भइरहेकै छ, सँगै उसका सन्तान वा घरपरिवारको पनि भविष्य अन्धकार बन्दै छ । घरेलु मदिरा युरिया मल, भैंसी-राँगाको हड्डी, पुराना कपडा तथा जुत्ता, सख्खरलगायतबाट बनाइन्छ । तर, व्यापारीलेचाहिँ चामल, कोदोबाट बनाएको भन्दै बेच्छन् । विश्वासमा मानिसहरू यस्तो मदिरा किनेर सेवन गर्छन् ।

अनि उनीहरूको कलेजो, मुटु, फोक्सो नै सिद्धिन्छ । भर्खरैको उमेरमै शरीरका संवेदनशील र महत्त्वपूर्ण अंग सिद्धिएपछि उनीहरूले ज्यान गुमाउँछन् । यसरी पैसासँगै ज्यान पनि जान्छ । जनता यस्तो गलत ठाउँमा फसेका छन् । अनि जनतालाई कुलतबाट निकाल्नुको साटो राजनीतिक दलहरूले उल्टै उनीहरूको प्रयोग गरिरहेका छन् । जाँडरक्सी खुवाएर, पैसा दिई राजनीतिक दलहरू आफ्नो कार्यक्रममा युवाहरू उतार्छन् ।

हरेक सार्वजनिक कार्यक्रममा नेताहरू देश बनाउँछौं भन्छन् । तर, आफ्नो स्वार्थका निम्ति नेपाली भूभाग भारत र चीनलाई बेच्यौं भनेर चाहिँ भन्दैनन् । नेपाली भूभाग दार्जीलिङ, सिक्किम, टनकपुर, कोलकत्ता त छिमेकीले लगिसक्यो । अहिले कालापानी, लिम्पियाधुरा, लिपुलेक पनि लैजान खोजिरहेका छन् । नेताहरूले आफ्नो मोजमस्तीका निम्ति देशै बेचे । जनताको जिन्दगी वर्वाद बनाइदिए । अहिले मुलुकको वेदेशिक ऋणमात्रै २९ खर्ब ४२ अर्ब छ । जनताले यत्रो वर्षदेखि तिर्दै आएको कर र विदेशबाट पठाइएको रेमिटयान्सको हिसाबकिताब पनि छैन । उल्टै निर्माण व्यवसायीको ४५ अर्ब, दुध तथा उखु किसानको सात अर्ब र कोरोना बीमा गराएका अस्पतालको २४ अर्ब भुक्तानी दिन बाँकी छ । गत भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनमा ७६ जनाले ज्यान गुमाए, खर्बौंको सार्वजनिक सम्पत्ति खरानी बन्यो । यदि नेताहरूले देश र जनताको निम्ति काम गरिदिएको भए त्यो आन्दोलन हुने नै थिएन ।

त्यसकारण यो आन्दोलनको जिम्मा राजनीतिक दल र नेताहरूले लिनुपर्छ । काम उनीहरू नगर्ने अनि क्षतिचाहिँ देश र जनताले भोग्नुपर्ने ? ०७९ मंसिर ४ गतेको चुनावमा २७ अर्ब खर्च भएको थियो । अब फेरि २७ महिनाअगावै चुनाव हुँदै छ । चुनावमा अर्बौं रकम चाहिन्छ । त्यो रकम जनताले तिरेको कर वा वैदेशिक ऋण हो ।

नेताहरू काम नगर्ने, जहिल्यै कुर्सीका लागि हानाथाप नगर्ने, पदमा पुगेपछि आफ्नो स्वार्थ पूरा गर्ने अनि जनताचाहिँ उनीहरूलाई भोट दिन घण्टौंको बाटो हिँड्नुपर्ने ? विकास निम्ति तिरिएको उनीहरूलाई कुर्सीमा पुर्‍याउन खर्च गर्नुपर्ने ? देउवा, दाहाल र ओली चाहँदैनन् कि जनता बाठा होउन् । किनकि जनता बाठो भएमा उनीहरूको शासनको अन्त्य हुने छ । जनता बाठा नहोस् भनेरै उनीहरू आफ्ना कार्यक्रममा जनतालाई जाँडरक्सी खाने पैसा दिएर ल्याउँछन् । जनता तनावै तनावमा छन् । कसैको लगानी डुबेको छ, कोहीले सन्तान गुमाएका छन् । अनि तनाव सहन नसकेपछि वा गरिब, बेरोजगारीका कारण जनता कुलत, गैरकानुनी गतिविधिमा संलग्न हुन्छन् ।

जसको फाइदा अपराधीहरूले त उठाइरहेकै छन्, सँगै राजनीतिक दललाई पनि भएको छ । जनता आफ्नै तनावमा भएपछि दलप्रति प्रश्न गर्न भ्याउँदैनन् । देशको बारेमा सोच्न सक्दैनन् । अनि दल र नेताहरू हामी देश बनाउँछौं भन्दै जनतालाई झुक्याएर पटक-पटक पदमा पुगिरहन्छन्, आफ्नो स्वार्थ पूरा गरिरहन्छन् । फेरि पनि जनतालाई भ्रमित पारेर सत्तामा पुग्ने दाउमा छन् पुराना दलहरू । अब साँच्चै जनता सचेत बन्नुपर्छ । पुराना दल र तिनका नेताहरूबाट भएको बेइमानीको सजाय आगामी चुनावमार्फत दिन जरुरी छ ।

– **रुषा थापा**, भक्तपुर

# चार तामाङ सञ्चारकर्मी पुरस्कृत

■ प्रभाव संवाददाता

**काठमाडौं–** तामाङ पत्रकार संघको २२औं स्थापना दिवसको अवसरमा चार जना तामाङ सञ्चारकर्मी पुरस्कृत भएका छन् । आइतबार आयोजित कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले पुरस्कार वितरण गरेका हुन् ।

रवीन्द्र तामाङ पत्रकारिता पुरस्कार सुनिल दोङ लामालाई प्रदान गरिएको छ । उनी 'म्हेन्दोला फोले' पोडकास्टका प्रस्तोता हुन् । लामालाई १५ हजार रूपैयाँसहित सम्मानपत्र प्रदान गरिएको छ । पुरस्कार संस्थापक रवीन्द्र तामाङ तामाङ पत्रकार संघका संस्थापक अध्यक्ष हुन् ।

यसैगरी यस वर्षको दीपेन्द्र दोङ तामाङ स्मृति पत्रकारिता पुरस्कार पत्रकार अञ्जु डिम्दोङलाई प्रदान गरियो । ग्लोबल मिडिया अनलाइनकी सम्पादक डिम्दोङ २०६७ सालदेखि पत्रकारितामा सक्रिय छिन् । सिन्धुलीका स्थानीय रेडियोसँगै काठमाडौंमा रेडियोमैत्री एफएम र रातोपाटी अनलाइनजस्ता सञ्चारमाध्यममा काम गरिसकेकी छिन् । उनलाई १० हजार रूपैयाँसहित सम्मानपत्र प्रदान गरिएको छ ।

तामाङ मातृभाषा पत्रकारिता पुरस्कार नेपाल टेलिभिजनमा प्रसारण हुने तामाङ भाषाको समाचार 'तामाङ तामसोर'का प्रस्तोता वीरबल तामाङलाई प्रदान गरिएको छ । उनलाई १० हजार रूपैयाँसहित सम्मानपत्र दिइएको संघले जनाएको छ ।



कार्यक्रममा 'कालिका तामाङ नारी प्रतिभा पुरस्कार' शान्ति वाइबा तामाङलाई प्रदान गरिएको छ । वाइबालाई मातृभाषामा प्रकाशित 'पेङ दोर्जे' नामक नाट्य पुस्तकका लागि पाँच हजार रूपैयाँ र ताम्रपत्रसहित सम्मान गरेको हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै ऊर्जामन्त्री घिसिङले संघले गरेको काम उपलब्धिमूलक रहेको बताए । कार्यक्रममा तामाङ पत्रकार संघको विगत तथा तामाङ पत्रकारिताको वर्तमान अवस्थाबारे अन्तरक्रिया गरिएको थियो । अन्तरक्रियामा संघका संस्थापक तथा लेखक रवीन्द्र तामाङले कार्यपत्र प्रस्तुत गरेका थिए भने उक्त कार्यपत्रमाथि संघका निवर्तमान अध्यक्ष सुवास योञ्जनले टिप्पणी गरेका थिए ।

कार्यक्रममा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका उपाध्यक्ष रेशम गुरुङ, नेपाल तामाङ घेदुङका महासचिव जगतमान लामा दोङ, नेपाल सरकारका सहसचिव तथा संस्थाका पूर्वअध्यक्ष रुद्रसिंह तामाङलगायतले संघका कार्यक्रमहरू उपलब्धिमूलक रहेको बताएका थिए । कार्यक्रममा रक्तदान पनि गरिएको थियो ।

# प्रविधि हिंसाको हतियार बनेकोमा चिन्ता

**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतकी न्यायाधीश सपना प्रधान मल्लले प्रविधि हिंसाको हतियार बन्दै गएको बताएकी छन् । त्यसप्रति चिन्ता प्रकट गर्दै उनले प्रविधिलाई समाज परिवर्तनसँग जोड्नुपर्ने सुझाइन् ।

आइतबार नेपाल ल क्याम्पस, महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडी) तथा नेपाल पर्यटन बोर्डले संयुक्तरूपमा आयोजना गरेको छलफल कार्यक्रमलाई सम्बोधन गर्दै उनले भनिन्, 'प्रविधिको प्रयोग बढ्दो छ तर त्यो हिंसाको हतियार बन्दै छ, त्यो बन्नु हुँदैन । बरु प्रविधिसँग समाजलाई जोड्नुपर्छ । परिवर्तनलाई आत्मसात् गर्नुपर्छ ।'




महिला हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत आयोजना गरिएको उक्त कार्यक्रममा न्यायाधीश प्रधानले समाजमा परम्परागत हिंसा कायमै रहेको बताइन् । उनले लघुताभाष र पितृसत्तात्मक सोचले समाजमा हिंसा कायमै रहेको बताइन् । 'अहिले नेपाली समाजमा हिंसा न्यूनीकरण भएको छैन, हिंसाको स्वरूप परिवर्तन भएर विद्यमान रहिरहेको छ,' उनले भनिन्, 'अदृश्य शक्तिले समाजको आवाजलाई बाहिर आउन दिएको छैन, महिलामाथिको अन्याय निरन्तर छ, यसलाई न्यूनिकरण गर्नका लागि अन्तरस्थितिसँग जोडिदै जानुपर्छ ।'

उनले घरेलु हिंसामा ९९ प्रतिशत महिला पीडित भएको मुद्दा आउने गरेको जानकारी दिइन् । समाजमा पुरुष पनि पीडित हुने गरेको तर उनीहरूको संख्या एक प्रतिशतभन्दा बढी नभएको उनले बताइन् ।

कार्यक्रममा नेपाल ल क्याम्पसकी प्राध्यापक मनिषा पौडेलले महिला हिंसाविरुद्धको १६ दिने अभियान क्याम्पसले विगत चार वर्षदेखि सञ्चालन गरिरहेको जानकारी दिइन् । उनले यस वर्ष भने फरक तरिकाबाट अभियान सञ्चालन गर्न पर्यटन बोर्ड र एफडब्लुएलडीले साथ र सहयोग गरेको बताइन् । यस्ता कार्यक्रमले विद्यार्थीले आर्जन गरेको ज्ञान, सिप र अनुभवको परीक्षा हुने भएकाले महिला हिंसाविरुद्धको अभियान यो वर्ष नयाँ ढंगले सञ्चालन गरेको प्राध्यापक पौडेलले जानकारी दिइन् । भाष्कर तेजश्री मेमोरियल फाउनडेसनले महिला हिंसा र बालबालिकामा हुने गरेको हिंसाका बारेमा अध्ययन र अनुसन्धान गरिरहेको डा. रीता थापाले जानकारी दिइन् । उनले स्कुलमा बालबालिकामा ६६ प्रतिशत र २२ प्रतिशत शिक्षकबाट हिंसा हुने गरेको तथ्यांक प्रस्तुत गरिन् । लुम्बिनी प्रदेशमा गरिएको एउटा अध्ययनको तथ्यांक प्रस्तुत गर्दै थापाले भनिन्, '७४ प्रतिशत महिलामा यौन दुरव्यवहार हुने गरेको त्यसमध्ये पनि १० वर्षमुनिका ३१ प्रतिशत बालबालिकामा यौन हिंसा हुने गरेको छ ।'

पृष्ठ १ बाट क्रमशः

## ट्रेड युनियन...

विकल्पका रूपमा रहेको वैदेशिक रोजगारीले नेपालको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएकामा विदेशमा जाने गरिब तथा विपन्न श्रमिकको स्वास्थ्य परीक्षण शुल्क बढाउनु दुःखद् भएको जनाएको छ ।

युनियनले वैदेशिक रोजगारीलाई मर्यादित एवं व्यवस्थित तुल्याउने, नेपालमै रोजगारीको वातावरण सिर्जना गर्ने, योगदानमा आधारित सामाजिक सुरक्षा योजना र सामाजिक सुरक्षा कोषमा वैदेशिक रोजगारमा जाने श्रमिकबाट नियमित योगदान गर्ने वातावरण सिर्जना गर्ने र त्यसमा राज्यबाटसमेत योगदान गर्ने, उनीहरूलाई सम्बन्धित मुलुकको कार्यस्थलमार्फत नै मताधिकारको व्यवस्था मिलाउने तथा श्रमिकमैत्री नीतिनिर्माण कार्य गर्नुको सट्टा श्रमिकको मौलिक हक र मान्यताविपरीत वैदेशिक रोजगारीमा जाने श्रमिकबाट उल्टै चर्को शुल्क असुलउपर गरिनु कदापि न्यायोचित नभएको बताएको छ ।

नेपाल ट्रेड युनियन कांग्रेसले स्वास्थ्य व्यवसायीहरूले वैदेशिक रोजगारीमा जाने श्रमिकबाट स्वास्थ्य परीक्षण शुल्कबापत साविकमा तीन हजार ५०० रूपैयाँदेखि बढीमा छ हजार ५०० रूपैयाँसम्म लिने गरिएकामा, हाल मुलुक राजनीतिक संक्रमणकालबाट गुज्रिरहेको र सम्बन्धित श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा प्रत्यक्ष जिम्मेवारीमा कुनै पनि विभागीय मन्त्रीसमेत नतोकिएको मौका छोपेर स्वार्थ समूह एवं कथित व्यवसायीको मिलोमतोमा गरिएको शुल्क वृद्धिले श्रमिक प्रत्यक्ष मारमा परेको जनाएको छ ।

उक्त शुल्क वृद्धिले श्रमिक गरिब तथा विपन्न नागरिकमाथि थप आर्थिक भार थुपरिने हुँदा उक्त शुल्क वृद्धि फिर्ता लिनसमेत युनियनले सरकासँग माग गरेको छ । यसअघि सरकारले गत चैत ८ गते साविक स्वास्थ्य परीक्षण शुल्कमा वृद्धि गरी नौ हजार ५०० रूपैयाँ पुऱ्याउनेगरी गरिएको तत्कालीन मन्त्रीस्तरीय निर्णयको चौतर्फी विरोध भएपछि कार्यान्वयन नभएको स्मरणसमेत युनियनले गरेको छ ।

## तुर्माखाँद गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
तुर्माखाँद, अछाम
सुदुरपश्चिम प्रदेश, नेपाल

**समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरि पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रमका लागि आशय पत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशन मिति : २०८२।०८।२२ गते )

नेपाल सरकार राष्ट्रिय योजना आयोगबाट प्राप्त विशेष अनुदान कार्यक्रम मार्फत यस तुर्माखाँद गाउँपालिका अन्तर्गत समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरि पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम (Community Based Nutrition Improvement and Promotion Program Targeting Child and Maternal Health TRM/CONSULTANCY/EOI/04/2082-083) संचालनका लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन इच्छुक तथा योग्यता पुगेका संस्था/कम्पनी/फर्महरु बाट सार्बजनिक खरिद ऐन २०६३ को दफा ३० बमोजिम सूचना प्रकाशित मिति देखि २०८२/०९/०७ गते दिउसो १२ बजे भित्र e-GP System को माध्यम द्वारा आशय पत्र पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचनाको विस्तृत जानकारीका लागि PPMO को Website: www.bolpatra.gov.np/egp बाट Download गरि प्राप्त गर्न सकिने छ वा यस गाउँपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**
**तुर्माखाँद गाउँपालिका**

## सोताङ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
सोताङ, सोलुखुम्बु
कोशि प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मितिः २०८२।०८।२२)

यस कार्यालयको मिति २०८२।०७।०३ गते प्रकाशित सूचना बमोजिम तपसिल अनुसारको बोलपत्र आव्हान गरिएकोमा तोकिएको समय भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको आर्थिक तथा प्राविधिक मूल्याङ्कन प्रचलित कानून बमोजिम मूल्याङ्कन समितिले गरी तपसिल अनुसारको बोलपत्र न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकोले स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सोहि दफाको उपदफा (३) को प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र.स. | कामको विवरण | छनौट भएको बोलपत्र दाता | (भ्याट पि.स सहित) कबोल रकम रु. |
|---|---|---|---|
| १. | Sotang Gaupalika Ward No.5 Buspark Nirman (03/SRM/NCB/2082/083) | Dendhub Nirman Sewa Pvt.Ltd. Soludhudhkunda Municipality-05, Solukhumbu Nepal | 3888953.39 |

**प्रमुख प्रशासकीय अधिकृत**

## कतारमा रोजगार

कम्पनी : NEW TOP GRADE CLEANING HOSPITALITY AND TRADING

पूर्व स्वीकृति मिति : २०८२/०८/२१ | LT. No. 334870 | चलानी नं. ६०२४८५२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | plumber | 4 | 0 | 1100 | ४३,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | mason | 2 | 0 | 1100 | ४३,४४५ | | | | | | | |
| 3. | driver | 3 | 0 | 1400 | ५५,२९० | | | | | | | |
| 4. | dry clean worker | 3 | 0 | 1000 | ३९,४९५ | | | | | | | |
| 5. | foreman | 1 | 0 | 2500 | ९८,७३५ | | | | | | | |
| 6. | supervisor | 2 | 0 | 2500 | ९८,७३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर २९ गते (15th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ०८५/०५३/०५४

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## साउदी/मलेसिया/बहराइनमा रोजगार

कम्पनी : SATTAM ZAID AL SHAMMARI COMPANY | सेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०८/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/२१ | LT. No. 334791 | चलानी नं. ६०२४८५३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION LABOURS | 4 | 0 | 1200 | ४५,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALPHA MULTI FORCE SDN BHD | सेवा शुल्कः निःशुल्क

पूर्व स्वीकृति मिति : २०८१/०१/१६ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०८/२१ | LT. No. 303896 | चलानी नं. ६०२३३९४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 25 | 0 | 1700 | ५९,४६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SOUTH GATE CONSTRUCTION AND CLEANING | सेवा शुल्कः निःशुल्क

पूर्व स्वीकृति मिति : २०८१/०६/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/२१ | LT. No. 311216 | चलानी नं. ६०२२५७५७

